
प्रश्न: यि पदहरूमा, हामीले के गर्नुपर्छ र हामी के हुनेछौं ?

"तर जतिले उहाँलाई ग्रहण गरे ...
परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।" यूहन्ना १:१२

"'किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।'" रोमी १०:१३

"जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ,...पुत्र हुनुहुन्न...जीवन हुँदैन
तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान..." १ यूहन्ना ५:१२,१३




येशुले भन्नुभयो,
"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ ।" यूहन्ना ५:२४

रोजाइ तपाइँको हो: खीष्टलाई तपाइँको मुक्तिदाताको रूपमा ग्रहण गरेर
अहिले नै अनन्त जीवनको उपहार दाबी गर्नुहोस्, परमेश्वरसँग यसरी भन्नुहोस्:

> सर्वशक्तिमान परमेश्वर, मैले तपाइँको विरुद्धमा मेरा मनमा, बोलीचाली र काममा पाप गरेको छु । म यसको लागि माफी माग्दछु र येशु खीष्टले मेरा पापहरू क्षमा गर्नुभएको म चाहन्छु । अब म तपाइँलाई ग्रहण गर्दछु र अहिले नै
> - बचाउनु होस्
> - मेरो मृत्यु पश्चात् मलाई स्वर्गमा लग्नुहोस्, र
> -मलाई अनन्त जीवन दिनुहोस् ।
>
> तपाइँको लागि अब मेरा हृदय र जीवनका ढोका खोल्दछु, प्रभु येशु, मेरो मुक्तिदाता, मेरो मित्र र परमेश्वर हुनुहोस्, सदा अनि सर्वदाको लागि येशुको नाउँमा, आमेन ।

हस्ताक्षर: ............................................................मिति: ..................................

येशुले भन्नुभयो, तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्..." यूहन्ना १०:२८

प्र.१: के तपाइँका पापबाट मुक्ति पाउन तपाइँले येशु खीष्टलाई पुकार्नु भयो ? के तपाइँ इमान्दर हुनुभयो ? रोमी १०:१३ मा तपाइँ अब को हुनुहुन्छ भनी परमेश्वरले भन्नुहुन्छ ? तपाइँले के बाट मुक्ति पाउनुभयो ? यदि तपाइँ अहिले नै मर्नुभयो भने, तपाइँ कहाँ जानु हुनेछ ? किन ? अब तपाइँ बचाइनु भएको छ, तपाइँलाई के लाग्छ, अनन्त जीवन गुम्न सम्भव छ होला ?यूहन्ना १०:२८ (माथि) हेर्नुहोस् । "कहिल्यै नष्ट नहुने" भन्नुको अर्थ के हो ?

"किनकि यदि तिमीले येशुलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरू बाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।" रोमी १०:९


प्र.२: तपाइँले परमेश्वरलाई राम्रोसँग कसरी चिन्न सक्नुहुन्छ ? हरेक दिन तपाइँको बाइबल पढ्नुहोस् (१ पत्रुस २:२), परमेश्वरसँग कुरा गर्नुहोस्, मण्डलीको बाइबल कक्षामा बस्नुहोस् (हिब्रू १०:२४,२५), अरूलाई तिनीहरू कसरी खीष्टमा मुक्ति पाउन सक्छन् बताउनुहोस्, बप्तिस्मा लिनुहोस् (प्रेरित १०:४७,४८) अरूलाई तपाइँले मुक्ति पाउनुभएको कुरा बताउनुहोस् (रोमी १०:९) र खीष्टको वचनको आज्ञा पालन गरेर जिउनुहोस् ।

यदि तपाइँले खीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गरेर निर्णय गर्नुभयो भने, हामीलाई तलको ठेगानामा पत्राचार गर्नुहोस्: ताकि हामी तपाइँले खीष्टलाई अझ राम्रोसँग चिन्नलाई सहायता गर्न अन्य पुस्तकहरू पठाउन सकौं ।

www.answersbook.org

# रोकिनुहोस् !

## र विचार गर्नुहोस् "तपाइँको अनन्तता कहाँ बित्नेछ" ?




## परमेश्वरको विशेष उपहार अनन्तको जीवन हो !

## के तपाइँले यो पाउनु भयो ?

येशु खीष्टले भन्नुभयो, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।" मत्ती ११:२८

"जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज । उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट । दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ ।" यशैया ५५:६,७

कसरी हामीले अनन्त जीवन पाएका छौं भनी हामी ढुक्क हुने ?

हामीले ४ वटा कुराहरू थाहा गर्नुपर्छ :


## १. सबैजना पापी छन्

"किनकि सबैले पाप गरेका छन्, र
परमेश्वरको महिमा पुग्नबाट चुकेका छन् ।" रोमी ३:२३

पाप यो हो:



आफैंलाई पहिलो स्थान दिनु



परमेश्वरबाट अलग हुनु



परमेश्वर सिद्धताबाट चुक्नु






पाप परमेश्वरको व्यवस्था-बाइबलको आज्ञा पालन नगर्नु हो

परमेश्वरको पवित्रताको तुलना गर्दा हामीहरू साह्रै नै पापीहरू हौं ।

प्र१: के तपाइँ बाइबलको परमेश्वर तपाइँको परमेश्वर हुनुभएको चाहनुहुन्छ ?

प्र२: के तपाइँ पापबाट फर्किएर परमेश्वरकहाँ आउन चाहनुहुन्छ ? (पश्चात्ताप)

## २. पापको दण्ड मृत्यु हो

"किनकि पापको ज्याला मृत्यु हो, तर
परमेश्वरको सित्तैंको वरदान
खीष्ट येशु हाम्रा प्रभुमा अनन्त जीवन हो ।" रोमी ६:२३

"मृत्यु र पातल अग्नि-कुण्डमा फालिए । यो
अग्नि-कुण्ड दोस्रो मृत्यु हो ।" प्रकाश २०:१४

परिभाषा: सबैजनाले पाप गरेका कारणले गर्दा, परमेश्वरको व्यवस्थाले भन्छ कि हामी सबैजना मृत्यु र अग्नि-कुण्डतिर अघि बढ्दै छौं । यो दु:खद खबर हो । हामीमध्ये कोही पनि त्यहाँ जान चाहदैनौं । के त्यहाँ कुनै उपाय छ ? छ! परमेश्वरले असल कर्महरू र कुनै धार्मिक कामहरू द्वारा होइन तर, येशु खीष्टद्वारा हामीलाई सित्तैंको वरदान अनन्त जीवन दिनुभयो ।


"किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूको उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो-
कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ । एफिसी २:८,९

...मृत्यु हो :






जब हाम्रो शरीरको मृत्यु हुन्छ ।





वरदान सित्तैंमा दिइएको उपहार हो, यसलाई स्वीकार्नुहोस् वा इन्कार गर्नुहोस् । अनन्त जीवनको अर्थ अहिले परमेश्वरलाई व्यक्तिगत रूपमा चिन्नु हो, र तपाइँको मृत्युपछि स्वर्गमा जानु हो । त्यसकारण, परमेश्वरको व्यवस्थाले भन्छ कि हामीहरू अग्नि-कुण्डतिर जाँदैछौं, तर परमेश्वरको प्रेमले गर्दा हामी स्वर्ग गएको वहाँ चाहनुहुन्छ । परमेश्वरले कसरी सित्तैंको क्षमादान र अनन्त जीवन दिनुभयो त्यसलाई ध्यान दिनुहोस् ।

## ३. येशुले हाम्रा सारा दण्डहरूलाई भोग्नुभयो

"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा
देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभुभयो । रोमी ५:८

येशु सारा मानिसका मुक्तिदाता हुनुहुन्छ ।
अहिले वहाँ तपाइँको मुक्तिदाता हुनका निम्ति उपलब्ध हुनुहुन्छ ।




द्रव्यष्ट: परमेश्वरले हाम्रा विगतका, वर्तमानका र भविष्यका सारा पापहरूलाई हामीबाट लिनुभयो र खीष्टमाथि राखिदिनुभयो ।

"...हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनु भएको छ ।" यशैया ५३:६




हामीले अनन्तको अग्नि-कुण्डले भोग्नुपर्ने दण्डको साटो येशुले हाम्रा सारा पापको सारा दण्ड क्रुसमा लिनुभयो ।


"तर ऊ त हाम्रा अपराधका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो ।" यशैया ५३:५


अहिले खीष्ट सबै मानिसका मुक्तिदाता (पाप लिनुहुने) हुनुहुन्छ ।
सबैका लागि स्वर्गमा प्रवेश गर्न त्यहाँको ढोका अब खोलिएको छ ।
तर हामीमध्ये कतिजना स्वर्गमा प्रवेश गर्नेछौं होला ?
ति जोहरूलाई:

## ४. क) येशु खीष्ट परमेश्वरको पत्र हुनुहुन्छ,
## हाम्रा पापका निम्ति मर्नुभयो (हाम्रा साटोमा)
## तेस्रो दिनमा मृत्युबाट शारीरिक रूपमा पुनर्जीवित हुनुभयो,
## ख) तिनीहरूका मुक्तिदाता भनी येशु खीष्टलाई ग्रहण गर्नुहोस् ।

अहिले नै सित्तैंमा क्षमादान र अनन्त जीवन दिइएको छ ।
यसको अर्थ तपाइँले अहिले तपाइँका पापको निम्ति क्रुसमा पूर्ण दण्डको लागि रगतको बलिदानलाई स्वीकार गरेर, तपाइँलाई मुक्ति दिन कुनै असल कामहरू अथवा कुनै धर्ममा नभई केवल खीष्टमा मात्र भरोसा राख्नु हो ।






परमेश्वरले यि प्रतीज्ञाहरू बाइबलमा हामीलाई दाबी गर्नका निम्ति दिनुभएको कारण हामी ढुक्क हुन सक्छौं ।